कनकाई नगरपालिका

**कनकाई नगर हस्पिटल,सुरुङ्गा, झापा**

**एक्सरे फिल्म**को प्रति ईकाई दर विधिबाट खरिद गर्न पुनः बोलपत्र हार्डकपी मार्फत आह्वान सम्बन्धि सूचना

(प्रथम सूचना प्रकाशित मिति २०८३/०५/२६)

**कनकाई नगर हस्पिटलको एक्सरेमा** आ.व. २०८३/०८४ का लागि **एक्सरे फिल्म** बोलपत्रको हार्डकपी मार्फत माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिम **एक्सरे फिल्म** योग्यता पुगेका इच्छुक ईजाजत प्राप्त फर्म, कम्पनि तथा सप्लायर्सले रितपुर्वकको बोलपत्र तपशिलका शर्तहरु पालना हुनेगरी नगरपालिकाको आधिकारीक वेभसाइट www.kankaimun.gov.np मार्फत यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्र फारम शुल्क | धरौटी रकम रु. | बोपत्र खरिद/दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | बोलपत्र मान्य हुने अवधि | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| २. | K.N.H/NCB/GOODS/2/2083-084 | Procurement of X-ray Film and Related Items for Hospital Supply | ३०००।- | १,२०,०००।- | २०८३ असोज १५ गते विहिवारका दिन दिनको १२.०० बजे | २०८३ असोज १५ गते विहिवारका दिन दिनको १२.३० बजे | ९० दिन | १२० दिन |

बैङ्कको नामः नेपाल बैङ्क लिमिटेड, सुरुङ्गा शाखा।

कार्यालयको नामः कनकाई नगर हस्पिटल, सुरुङ्गा, झापा।

नेपाल बैक लि.सुरुङ्गा राजश्व खाता नम्बर १४७००१०७३६०२७१००००१ मा रकम जम्मा गरि दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

कनकाई नगरपालिका

# कनकाई नगर हस्पिटल,सुरुङ्गा, झापा

## एक्सरे फिल्म प्रति ईकाई दर विधिबाट खरिद गर्न पुनःबोलपत्र हार्डकपी मार्फत आह्वान सम्बन्धि सूचना

**(प्रथम सूचना प्रकाशित मिति २०८३/०५/२६)**

**कनकाई नगर हस्पिटल एक्सरे**मा आ.व. २०८३/०८४ का लागि **एक्सरे फिल्म** बोलपत्रको हार्डकपी मार्फत माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिम एक्सरे फिल्म योग्यता पुगेका इच्छुक ईजाजत प्राप्त फर्म, कम्पनि तथा सप्लायर्सले रितपुर्वकको बोलपत्र तपसिलका शर्तहरु पालना हुनेगरी कनकाई नगर हस्पिटलको प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१.चालू आ.व. २०८३/०८४ का लागि नविकरण भएको फर्म दर्ता/कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, मूल्य अभिबृध्दि कर दर्ता प्रमाण पत्र र आ.व. २०८१/०८२ को करचुक्ताको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।

२.बोलपत्र पेश गर्दा जमानत वापतको तपशिलमा उल्लेखित रकम कनकाई नगर हस्पिटलको नाममा रहेको नेपाल बैङ्क लिमिटेडको खाता नं. १४७००१०७३६०२७१००००१ मा जम्मा गरेको सक्कल बैङ्क भौचर वा कम्तिमा १२० दिन(९०दिन + ३०दिन) (बोलपत्र पेशगर्ने अन्तिम मिति बाट) म्याद भएको यस हस्पिटलको नाममा जारी भएको बिड बण्ड पेश गर्नुपर्नेछ।

३. बोलपत्र तपशिलमा उल्लेखित मिति र समयभित्र कनकाई नगर हस्पिटलको प्रशासन शाखामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी कागजात यस कार्यालयबाट वा कनकाई नगरपालिकाको वेभसाइट www.kankaimun.gov.np वाट डाउनलोड गरी पेश गर्न सक्नुहुनेछ पेश गर्दा बोलपत्र फारम शुल्कको सक्कल भौचर अनिवार्य संलग्न गर्नुपर्नेछ ।

४. पेश भएका बोलपत्र तपशिलमा उल्लेखित मिति र समयमा यस कनकाई नगर हस्पिटलको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्र दाताले Bid Form मा उलेलेखित आइटमहरुको प्रस्तावित दररेट पेश गर्दा MRP दररेट भन्दा कम हुनुपर्नेछ। दररेट पेश गर्दा **कम्पनिको नाम, ब्रान्डको नाम, MRP र मू.अ.कर बाहेकको** प्रति इकाई मूल्य (Offered Price) अङ्क र अक्षरमा स्पस्ट संग अनिवार्य उल्लेख गर्नुपर्नेछ साथै मु.अ.कर लाग्ने सामाग्रीहरुको हकमा कैफियत महलमा vat उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइनेछ।

६. USFDA/ISO/CE/EU Certified Company को एक्सरे फिल्म मात्र आपुर्ति गर्नुपर्नेछ। बोलपत्रमा सहभागी हुने बोलपत्रदाताहरुले एक्सरे फिल्मको अनिबार्य रुपमा प्रप्त USFDA/ISO/CE/EU Certified Company प्रमाणपत्र पेश गर्नुपर्नेछ। साथै कम्पनिको आधिकारिक अथोराइजेसन (Authorized Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

७. एक्सरे फिल्म आपुर्ति गर्दा कम्तिमा १८ महिना खपत अवधि (Self-Life) बाँकी रहेको उत्पादन मितिदेखी म्याद गुज्रने मिति सम्मको खपत अवधि (Self-Life) ७५ प्रतिशत हुनुपर्नेछ।

८. बोलपत्रदाताले उत्पादक कम्पनी कोड गर्दा मागभए अनुसारको Composition/Strength/Volume मिल्ने गरी कोड गर्नुपर्नेछ, अन्यथा सोही गुणस्तरको माग भएअनुसारको Composition/Strength/Volume मिल्ने सामान खरिद गरिनेछ र यसबाट पर्नजाने क्षतिको जिम्मेवार सम्बन्धित बोलपत्रदाता फर्म, कम्पनिनै हुनेछ।

९. बोलपत्रको मुल्याङ्कन बस्तु अनुसार (Item Wise) सारभूत रुपमा प्रभावग्राही बोलपत्रको बस्तु (Item ) को दररेट स्वीकृत गरीनेछ। कुनैपनि Item को दररेट दुई वा दुई भन्दा बढी बोलपत्रदाताले बराबर कबोल गरेमा समान दर कबोल गरेमा समान दर कबोल भएका Item का सम्बन्धित बोलपत्रदाता संग छुट प्रस्ताव माग गरि **अधिकतम छुट कबोल गर्ने** बोलपत्रदाताको दररेट स्वीकृत गरिनेछ।

१०. बोलपत्रदाताले कवोल गरेको बोलपत्रमा तोकिएको परिमाण मापदण्ड/गुणस्तर अनुसार नभएमा र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरिद गरिनेछ। त्यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख गरिएको मूल्यभन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न बाँकी रकमबाट असुलउपर गरिनेछ।

११.कुनै बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पताललाई रहेको छ।

१२.आपूर्तिकर्ता फर्म/कम्पनीबाट सप्लाई भएका सामानहरु प्रविधिक निरीक्षण, परीक्षण गर्दा सम्झौतामा उलेखित एवं तोकिएको स्पेसिफिकेसन तथा गुणस्तर बमोजिमको नभएमा सामान फिर्ता गरी सम्झौता रध्द गरिनेछ।

१३. सम्झौता गरी सामान सप्लाई नगर्ने फर्म, कम्पनीलाई नियमानुसार कालो सूचिमा दर्ताको लागी सम्बन्धित निकायमा लेखि पठाइनेछ।

१४. सम्झौता भएबमोजिमका सामानहरु आवश्यकता अनुसार पटक-पटक वा एकमुष्ठ रुपमा खरिद गरिनेछ। **खरिद गरिने सामानको परिमाण घटि वा बढी पनि हुन सक्नेछ।**

१५. बोलपत्रदाताले दररेट पेश गर्दा कनकाई नगर हस्पिटलको छाप र सही भएको प्रमाणित फारममा मात्र विवरण भरी सम्बन्धित फर्म, कम्पनीको छाप र आधिकारिक दस्तखत सहित पेश गर्नुपर्नेछ।

१६.शर्त रहेको, रित नपुगेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।बोलपत्रमा सम्बन्धित कम्पनी वा फर्मको छाप र दस्ताखत अनिवार्य हुनुपर्नेछ।

**१७. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन प्रचलित कानून अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफूले सजाय नपाएको भनी स्वयं घोषणापत्र अनिवार्य पेश गर्नुपर्ने छ। त्यस्तो स्वयं घोषणापत्र सूचना प्रकाशित भएको मितिपछिको हुनुपर्नेछ।**

१८. यस सूचनामा उल्लेख नभएका खरिद तथा मुल्याङ्कन सम्बन्धि अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित-२०८३) बमोजिम हुनेछ।

१९. यस सम्बन्धि विस्तृत जानकारीको लागी हस्पिटलको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ तथा बोलपत्र स्वीकृतिको आशयको सूचना नगरपालिकाको आधिकारीक वेभसाइट www.kankaimun.gov.np मा र यस अस्पतालको फेसबुक पेज कनकाई नगर हस्पिटलमा प्रकाशित गरिनेछ सो सूचना नै आधिकारीक मानिनेछ।

२०. तोकिएको अन्तर्गत तोकिएका उत्पादक कम्पनीहरुको एक्सरे फिल्म मात्र आपूर्ति ।

२१. आपुर्ति गरिने एक्सरे फिल्म प्रत्येक प्याकिङ्गको बाहिर Manufacture Date, Expiry Date, Batch no. तथा MRP उल्लेख भएको हुनुपर्नेछ।

२२. स्वीकृत बोलपत्र बमोजिमको दररेट वि.सं. २०८४ आषाढ मशान्त पछि ९० दिन सम्म कायम रहनेछ।उक्त थप अवधिमा कार्यालयले सोहि एक्सरे फिल्म माग गरेको खण्डमा बोलपत्रको कबोल दररेटमा उपलब्ध गराउनु पर्नेछ।

२३. आपुर्ति गरीएको मालसामानको गुणस्तरमा कार्यालयलाई कुनै शंका लागेमा बोलपत्रदाताले आफ्नै खर्चमा गुणस्तर परीक्षण गर्नुपर्नेछ। गुणस्तर परीक्षण गर्दा कार्यालयले निर्देश गरे बमोजिम बजारमा उपलब्ध सोहि कम्पनिको सोहि उत्पादनको नमुनाको गुणस्तर संग तुलनात्मक अध्यायन गरी गुणस्तरयुक्त भएको प्रमाणित गर्नुपर्नेछ। आपुर्तिकर्ता फर्म/कम्पनिबाट आपुर्ति भएका सामाग्रीहरु प्राविधिक निरीक्षण वा गुणस्तर परीक्षण गर्दा सम्झौतामा उल्लेखित स्पेशिफिकेशन तथा गुणस्तर बमोजिमको नभएमा सामाग्री फिर्ता गरी सम्झौता रध्द गरी कानुन बमोजिम कारवाही गरिनेछ।

तपशिलः-

| क्र.सं. | ठेक्का नं. | विवरण | बोलपत्र फारम शुल्क | धरौटी रकम रु. | बोपत्र खरिद/दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | बोलपत्र मान्य हुने अवधि | बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | K.N.H/NCB/GOODS/2/2083-084 | Procurement of X-ray Film and Related Items for Hospital Supply | ३०००।- | १,२०,०००।- | २०८३ असोज १५ गते विहिवारका दिन दिनको १२.०० बजे | २०८३ असोज १५ गते विहिवारका दिन दिनको १२.३० बजे | ९० दिन | १२० दिन |

बैङ्कको नामः नेपाल बैङ्क लिमिटेड, सुरुङ्गा शाखा।

कार्यालयको नामः कनकाई नगर हस्पिटल, सुरुङ्गा, झापा।

नेपाल बैक लि.सुरुङ्गा राजश्व खाता नम्बर १४७००१०७३६०२७१००००01 मा रकम जम्मा गरि दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

BILL OF QUANTITY

**K.N.H/NCB/GOODS/2/2083-84**

| S N | Item Name | Specification | Qty | Unit/Formulations | MRP | Rate ( In Nrs.) With out Vat | | Brand | Company | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | In Figure | In Figure | In Words | | | |
| 1 | X-Ray Film (Trimax 10*12) | 1*125 Sheet | 1 | Pkt | | | | | | |
| 2 | X-Ray Film (Trimax 8*10) | 1*125 Sheet | 1 | Pkt | | | | | | |

Kanakai Municipality
Kanakai Nagar Hospital
Kanakai-3, Surunga, Jhapa
Koshi Province, Nepal